नेपाल सरकार
भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
मालपोत कार्यालय, दोलखा

फोन : ०४९-४२१११९
फ्याक्स : ०४९-४२१०८२
email:
dolakha@dolma.gov.np

## जग्गा नामसारी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

**प्रथम पटक प्रकाशित:-२०८२/०२/१४**

दोलखा जिल्ला साविक मेलुङ गा.वि.स. वडा नं.२ बस्ने राम बहादुरको नाती धन बहादुरको छोरा तिलक बहादुर दमाईका नाममा दर्तास्त्रिस्ता कायम रहेको दोलखा जिल्ला साविक मेलुङ गा.वि.स. वडा नं.६ को कि.नं. २२३ को क्षेत्रफल ०१६८० व.मी. जग्गा नामसारीका लागि राम बहादुरका नाति धन बहादुरका छोरा सनमान दमाई र प्रेम बहादुर नेपाली दर्जिको माग निवेदनमा संलग्न कागजात बमोजिम निज जग्गाधनी तिल बहादुर दमाई मिति २०५० साल देखि बेपत्ता भएको र सम्मानित दोलखा जिल्ला अदालतबाट जारी भएको प्रमाणपत्र नम्बर ०८१-०१-००१७ मिति २०८२/०१/१७ मा मृत्यु न्यायिक घोषणा भएको, निज तिल बहादुर दमाईको एकमात्र श्रीमती मिना दमाई कुनै सन्ताको पनि सन्ताको जायजन्म नगराई अन्यत्र विवाह गरि गएको, मृतक जग्गाधनीको हकखाने निजको बाबु धन बहादुर दमाईको (मृत्यु दर्ता नं. १९८८०९१००१४४१-२ मिति २०८२/०१/२६ बमोजिम) मिति २०६९/०४/०३ मा मृत्यु भएको,आमा पवित्रा दमिनिको (मृत्यु दर्ता नं. १९९२०५०७०१७६९-२ मिति २०७८/१०/२५ बमोजिम) मिति २०७८/१०/०५ मा मृत्यु भएको, मृतकको आमा बाबुबाट एक दिदि मान लक्ष्मी दमिनी र दुई दाईहरु जेठो सनमान दमाई, माईलो प्रेम बहादुर नेपाली दर्जीको जायजन्म भएकोमा दिदि मान लक्ष्मी दमिनी बिवाह भई अन्यत्र गएको, दुई दाजुहरु सनमान दमाई र प्रेम बहादुर नेपाली दर्जिले मृतक बुबा धन बहादुर दमाई र आमा पवित्रा दमाईलाई समेत जिवित अवस्थामा पालनपोषण औषधी उपचार तथा परलोक पश्चात सामाजिक परम्परा अनुसार काजकिरिया समेत गरेको हुँदा मृतक जग्गाधनीको हकखाने (चलानी नम्बर ६२२ मिति २०८२/०१/१६ को नाता प्रमाणित प्रमाणपत्र अनुसार) सबैभन्दा नजिकको हकवाला जग्गाधनीको छोराहरु निवेदक सनमान दमाई र प्रेम बहादुर नेपाली दर्जि मात्र हुन भनी मेलुङ गाउँपालिका ७ नं. वडा कार्यालयको चलानी नम्बर ६३८ मिति २०८२/०१/१९ को किटानी सिफारिस बमोजिम आफ्नो नाममा नामसारी गर्न निवेदन पेश गरेको हुँदा उल्लिखित जग्गामा कसैको हकदावी छ वा छैन ?, कसैको हक जान्छ की ?, कुनै कसैलाई असर पर्छ की ? अन्य हकदार छन वा छैनन ? , सो सन्दर्भमा जानकारीको लागी यो ३५(पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेकको ३५(पैतिस) दिन भित्र आफ्नो हक दावीको प्रमाण साथ वा कानुन बमोजिम वारेस लिई यस कार्यालयमा उपस्थित हुन आउनुहोला । अन्यथा माग बमोजिम उक्त जग्गा नामसारी भई गएपछि कुनै किसिमको उजुर वाजुर लाग्ने छैन, भनी यसै सूचनाद्वारा सबैमा जानकारी गराईन्छ ।